

# महासन्धि निर्माणको पृष्ठभूमि



अमूर्त साँस्कृतिक सम्पदा

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा



अमूर्त साँस्कृतिक सम्पदा संरक्षण
महासन्धि २००३ को मुख्य लक्ष्य
समुदाय, समूह र कतिपय सन्दर्भहरुमा
व्यक्तिहरुले समेत उनीहरुको
साँस्कृतिक सम्पदाको हिस्सा मानेका
अभ्यास, प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान
एवं सिपहरुलाई संरक्षण गर्नु हो ।

# अमूर्त

## संरक्षण महासन्धिको निर्माणको पृष्ठभूमि

संस्कृति क्षेत्रसँग सम्बन्धित युनेस्कोका महासन्धिहरू सदस्य राज्यहरूको अनुरोधमा अन्तर्राष्ट्रिय मापदण्डहरू निर्माण गर्न बनाइएको र अनुमोदन गरिएको थियो, जसले राष्ट्रिय साँस्कृतिक नीतिहरूको रुपरेखा बनाउनका लागि आधारका रूपमा काम गर्नुकासाथै ती नीतिहरूका बीचको समन्वयलाई मजबुत बनाउन सकून् । पचपन्न वर्षको अवधिमा निर्माण गरिएका आठवटा निर्देशनात्क दस्तावेजहरूले तिनीहरूको अङ्गिकार गर्दाका वखत संस्कृतिको क्षेत्रमा अन्तर्राष्ट्रिय समुदायका प्राथमिकताहरूलाई प्रतिबिम्बत गर्दछन् । तिनीहरूको तुलना गर्दा, तिनीहरूले साँस्कृतिक नीतिहरूको क्रमिक विकास र विभिन्न सरकारी तथा गैरसरकारी कर्ताहरूले खेल्ने भूमिका समेत प्रतिबिम्बित गर्दछन् । फरक विषयहरूसँग सम्बन्धित हुँदाहुँदै पनि तिनीहरूले एकअर्काको परिपुरकका रूपमा काम गर्दछन् र राष्ट्रिय साँस्कृतिक नीतिका लागि एउटा स्तरीय सन्दर्भ सामाग्री प्रदान गर्दछन् । यसका अतिरिक्ति, पारित गरिएका नयाँ दस्तावेजहरूले विगतका नीतिहरू र नयाँ आवश्यकताहरूलाई समेत प्रतिबिम्बित गर्ने भएकाले तिनीहरूले विद्यमान दस्तावेजहरूलाई अझ राम्रोसँग बुझ्न हामीलाई सहयोग गर्दछन् । तिनीहरूलाई एकैसाथ ग्रहण गर्दा तिनीहरूले सदस्य राज्यहरूलाई निरन्तर परिवर्तन भैरहेको अन्तर्राष्ट्रिय वातावरणमा विश्वको साँस्कृतिक विविधतालाई संरक्षण गर्ने उनीहरूको प्रयासमा सहयोग पुऱ्याउने लक्ष्य लिएका दस्तावेजहरूको संग्रह बन्दछन् । तिनीहरूको प्रभावकारीता, अङ्गीकार गरेपछि कार्यान्वयवन गर्न सदस्य राज्यहरूले लिने प्रतिबद्धतामा निर्भर रहन्छ ।



फोटो © इन्स्टिच्युटो नेशनल डि कल्चरा । दाँते पिल्लाफ्युँत

युनेस्कोको साधारण सभाले सन् २००३ मा आयोजित यसको ३२औं अधिवेशनमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि अङ्गीकार गरेको थियो । महासन्धि साँस्कृतिक विविधताको प्रबर्द्धनका लागि अन्तर्राष्ट्रिय नीतिहरूको क्रमिक विकासमा कोशेढुंगा थियो, किनकि अन्तर्राष्ट्रिय समुदायले पहिलोपटक साँस्कृतिक प्रस्तुति तथा अभिव्यक्तिहरूलाई सहयोग गर्नुपर्ने आवश्यकतालाई स्वीकार गरेको थियो जो त्यसबेलासम्म पनि यसप्रकारको वृहत कानूनी तथा कार्यक्रमगत प्रारूपबाट लाभान्वित भइसकेको थिएन ।

# सांस्कृतिक सम्पदा

विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसँग सम्बन्धित महासन्धि जस्ता साँस्कृतिक सम्पदासँग सरोकार राख्ने अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको परिपुरक यो अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि–२००३ को मुख्य लक्ष्य समुदाय, समूह र केही सन्दर्भहरूमा व्यक्तिहरूले उनीहरूको साँस्कृतिक सम्पदाका रूपमा मानी आएका अभ्यास, प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान र सिपहरूको संरक्षण गर्नु हो । यस्ता सम्पदाहरूलाई मौखिक परम्परा तथा अभिव्यक्ति, प्रस्तुति कला, सामाजिक प्रचलन, अनुष्ठान, चाडवपर्वका उत्सवहरू, प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यास र परम्परागत शिल्पकारिता जस्ता विधाहरूमा अभिव्यक्त गर्न सकिन्छ । महासन्धिको धारा २ मा प्रदान गरिएको परिभाषामा समेत अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित उपकरण, वस्तु, कलाकृति र साँस्कृतिक स्थललाई समेत समावेश गरिएको छ । यो परिभाषा लामो समयसम्म जारी अन्तरसरकारी समझदारीको प्रतिफल हो जसले यो अवधारणा अघि सार्‍यो र वर्तमान दस्तावेजलाई स्वीकार गर्ने दिशामा डोऱ्यायो ।

*टक्वाइल र यसको वस्त्रकला, पेरू*

*उज्वेकिस्तानको बइसुँ जिल्ल स्थित साँस्कृतिक स्थल*

फोटो © नेशनल कमिसन अफ उज्वेकिस्तान

प्रस्तुत ब्रोसरको उद्देश्य यो महासन्धिको पाठ जुन रूपमा आज यो प्रस्तुत भएको छ, त्यसका लागि, विचार र नीतिहरूको विकासमा, खास गरेर अप्रत्यक्ष ढंगले योगदान पुऱ्याउने र त्यसलाई अन्ततः अङ्गीकारको दिशामा डोऱ्याउने त्यस्ता कार्यवाही र कार्यक्रमहरूका बारेमा प्रकाश पारी महासन्धिको पृष्ठभूमी प्रदान गर्नु हो ।



फोटो © एण्ड्रयु पी स्मीथ / युनेस्को

मूर बजारको मरून सम्पदा, जमैका

बालुवामाथि कोरिएको चित्रकला, भानुवातु

दैत्य र ड्रागनको जुलुस, बेल्जियम र फ्रान्स



फोटो © क्रिस्टियना परेरा/युनेस्को

चोपी टिम्बिला, मोजाम्बिक

**१९४६ – १९८१: पहिलो कदम**

संस्कृतिको क्षेत्रमा युनेस्कोका शुरूवाती कार्यक्रमहरूले युद्धोत्तर र उपनिवेशबाट स्वतन्त्रता खोजिरहेको विश्वका राजनैतिक र सामाजिक अवस्थालाई प्रतिबिम्बित गर्दथे । शिक्षा, विज्ञान र सँस्कृतिका माध्यमबाट शान्ति स्थापनामा योगदान पुऱ्याउनु पर्ने संस्थागत अधिदेशलाई मनन गर्दै कलाका क्षेत्रमा अन्तर्राष्ट्रिय सहायताको प्रबर्द्धन गर्न तथा विश्वका विविध प्रकारका सँस्कृतिक पहिचानहरूलाई मान्यता दिने उपायको अध्ययनमा ध्यान केन्द्रित गरिएको थियो । परम्परागत सँस्कृतिक विधाहरू, जस्तै साहित्य, संग्रहालय, संस्कृति र भाषासँग सम्बन्धित विषयमा विभिन्न कार्यहरू गरिएको थियो ।

सन् १९४६ मा अन्तर्राष्ट्रिय संग्रहालय परिषदको स्थापना भयो, त्यसपछि सन् १९४९ मा अन्तर्राष्ट्रिय संगीत परिषदको स्थापना भयो । इन्डेक्स ट्रान्स्लेसनमको पहिलो अंक सन् १९४९ मा प्रकाशित भयो भने सन् १९५२ मा भेनिसमा आयोजित सम्मेलनमा कलात्मक उत्पादनसँग सम्बन्धित चासो र चिन्ताहरूका विषयमा पहिलो छलफल भयो । यो बैठकले विश्वव्यापी प्रतिलिपि महासन्धि अङ्गीकार गर्ने दिशामा डोऱ्यायो जुन सन् १९५५ देखि कार्यान्वयनमा ल्याइयो; यसलाई सन् १९७१ मा संसोधन गरियो । दोस्रो विश्वयुद्धको विनाशकारी परिणामपछि मानव निर्मित सम्पदाहरूको सुरक्षा गर्नुपर्ने आवश्यकताका सन्दर्भमा बढिरहेको चेतनाको फलस्वरूप सन् १९५४ मा नेदरल्याण्डको हेगमा सशस्त्रद्वन्द्वका घटनामा सँस्कृतिक सम्पदाको सुरक्षाका लागि महासन्धि पारित गरियो । यो महासन्धिले 'सँस्कृतिक सम्पदा' अभिव्यक्तिलाई तिनीहरूको विशिष्ट सँस्कृतिक मूल्यका कारण सुरक्षा गर्न महत्वपूर्ण हुने विस्तृत र एकसमान वर्गका वस्तुहरूका रूपमा परिचित गरायो । पछि, यो शब्दावलीलाई सँस्कृतिक सम्पदाको अवैधानिक ओसारपसार एवं स्वामित्व हस्तान्तरणलाई निषेध एवं प्रतिबन्ध गर्ने उपायहरु सम्बन्धी महासन्धि-१९७०मा समेत प्रयोगमा ल्याइयो । यो महासन्धिको परिपुरकका रूपमा हेग महासन्धि र यसको १९९९ को दोस्रो आदर्श-पत्र रहेका छन् ।

युनेस्कोले सन् १९५३ मा नै 'संस्कृतिहरूको एकता र विविधता' शिर्षकमा नयाँ श्रृंखलाको पहिलो अंक प्रकाशित गरेको थियो, जुन विशिष्ट संस्कृतिका बारेमा विभिन्न जनमानसका प्रचलित अवधारणा र ती संस्कृतिहरूकाबीचको आपसी सम्बन्धका बारेमा गरिएको सर्वेक्षणमा आधारित थियो । प्रकाशनको लक्ष्य विश्वका विभिन्न संस्कृति र तिनीहरूको आपसी सम्बन्धका बारेमा अन्तरदृष्टि प्रदान गर्नु थियो । त्यसपछि सन् १९५७ मा 'पूर्वीय र पश्चिमी संस्कृतिको आपसी कदर' परियोजना शुरू भयो जुन नौ वर्षसम्म सञ्चालनमा आएको थियो । सन् १९६६ मा महासभाले प्रसिद्ध 'अन्तर्राष्ट्रिय सँस्कृतिक सहयोगका सिद्धान्तहरू सम्बन्धी घोषणा' पारित गऱ्यो । हरेक संस्कृतिको गरिमा र महत्व हुन्छ जसलाई सम्मान र जगेर्ना गर्नुपर्छ र हरेक मानिससँग उसको सँस्कृतिको विकास गर्ने अधिकार र कर्तव्य हुन्छ र सबै संस्कृतिहरूले सम्पूर्ण मानवजातिसँग भएका साझा सम्पदाको हिस्सा निर्माण गर्दछन् भन्ने कुरा उल्लेख गर्दै, युनेस्कोभित्र सँस्कृतिक सम्पदा नीतिहरूको थप विकासका लागि आधारहरू प्रदान गरेर उक्त घोषणाले संस्कृतिका क्षेत्रमा युनेस्कोको अन्तर्राष्ट्रिय सहायता नीतिको अत्यावश्यक चरित्रलाई स्थापित गरिदियो ।



फोटो © बानावातु नेशनल कल्चरल काउन्सिल



फोटो © माइरी डि जोउआइ

घोषणाले सम्पदाको अवधारणालाई यसको कानूनी अर्थमा प्रयोग गर्ने त्यति संभावना नभए तापनि 'मानव जातिको सम्पदा' भन्ने अभिब्यक्ति साँस्कृतिक सम्पदाका क्षेत्रमा संगठनका नीतिहरूको प्रमुख तत्व बन्न पुग्यो ।

'मानव जातिको सम्पदा'को अवधारणाको कम्तिमा मूर्त सम्पदाका लागि विकास गर्ने नीतिको आवश्यकता सन् १९६० मा इजिप्टमा शुरू गरिएको नुविया अभियान पछि तीब्ररूपमा महशुस गरिएको थियो, जुन संरक्षण कार्यक्रम सञ्चालनका पक्षमा अन्तर्राष्ट्रिय सार्वजनिक विचारलाई सावधान गर्ने सफल अभ्यासको सबैभन्दा उल्लेखनीय उदाहरण थियो । यसको दुई वर्षपछि आवु सिम्वेल मन्दिरहरू, जुन तिनीहरूको शुरुको स्थलभन्दा ६४ मिटर माथि पुनर्निर्माण गरिएको थियो, को औपचारिक अनावरण गरियो । स्मारकयुक्त साँस्कृतिक सम्पदाहरूको संरक्षणमा लक्षित अन्य क्रियाकलापहरूमा सन् १९६२ मा सञ्चालित भेनिस संरक्षण अभियान, साधारण सभाद्वारा १९ नोभेम्वर १९६८ मा गरिएको सार्वजनिक वा नीजि कार्यहरूका कारण संकटोपन्न अवस्थामा पुगेका साँस्कृतिक सम्पदाहरूको संरक्षणसँग सम्बन्धित सिफारिहरूको अनुमोदन, साँस्कृतिक सम्पत्तिको अवैधानिक ओसार-पसार एवं स्वामित्व हस्तान्तरणलाई निषेध एवं प्रतिबन्ध गर्ने उपायहरू सम्बन्धी महासन्धि आदि थिए ।

पक्कै पनि, यी कानूनी अभियान एवं कार्यहरूले आर्थिक विकासमा संस्कृतिले खेल्ने भूमिकाका बारेमा चेतना अभिवृद्धि गरे । उपनिवेश विरोधी आन्दोलन र शीतयुद्धको राजनैतिक पृष्ठभूमिको बाबजुत पनि इटालीको भेनिसमा सन् १९७० को अगष्ट २४ देखि २ सेप्टेम्वरसम्म संस्कृतिका संस्थागत, प्रशासकीय र वित्तीय पक्षहरूसँग सम्बन्धित अन्तरसरकारी सम्मेलनको आयोजना गरिएको थियो । यो सम्मेलन 'साँस्कृतिक विकास' र 'विकासको साँस्कृतिक आयाम' का भावनाहरू जगाउन र साँस्कृतिक नीतिहरूलाई कसरी विकास रणनीतिहरूसँग एकीकृत गर्न सकिन्छ भन्ने विषयमा छलफलहरूलाई प्रोत्साहित गराउन महत्वपूर्ण बन्यो । यो सम्मेलनले राष्ट्रिय संस्कृतिहरूको विविधता, तिनीहरूको विशिष्टता र मौलिकता, मानव विकास र विश्वकै साँस्कृतिक विकासका लागि अपरिहार्य हुन्छन् भनी पुष्टि गर्‍यो । यसले स्रोतसाधन, तालिम प्रदान गर्ने संस्था र तालिमप्राप्त कर्मचारीहरूको अभावका कारण उनीहरूको साँस्कृतिक सम्पदाको जगेर्ना गर्ने क्षेत्रमा निकै थोरै मात्र काम भएको हुनाले धेरै देशहरूमा मौलिक संस्कृतिहरू खतरामा परेको महशुस गर्‍यो । त्यसैले सदस्य राज्यहरूले उनीहरूका साँस्कृतिक नीतिहरूको निर्माण र कार्यान्यवनमा गैरसरकारी संस्थाहरूसँग यथासंभव निकट सम्बन्ध राख्नुपर्ने भन्दै त्यहिँबाट संस्कृतिका क्षेत्रमा गैरसरकारी संस्थाहरूसँग सहकारीताको आधार स्थापित भयो ।

सन् १९५२, १९५४ र १९७० का सम्मेलनहरूमा जनाइए जस्तै प्रतिलिपि र साँस्कृतिक सम्पत्तिको सुरक्षाका क्षेत्रमा यसले गरेका कार्यहरूका अतिरिक्त युनेस्को सबै सदस्य राज्यहरूमा उनीहरू विकासको जुनसुकै स्तरमा रहेको भए पनि सम्पदा र साँस्कृतिक उद्योग नीतिहरूलाई विकासका लागि सकरात्मक उपायहरूका रूपमा प्रबर्द्धन गर्न तयार थियो । सन् १९७२ मा अफ्रिकन मौखिक परम्पराको अध्ययन गर्न र अफ्रिकी भाषाको प्रबर्द्धन गर्न युनेस्कोले दस बर्षीय योजना पारित गर्‍यो, प्रशान्तक्षेत्रको कला सम्बन्धी पहिलो महोत्सव फिजीमा आयोजना भयो र ल्याटिन अमेरिकी साँस्कृतिक अध्ययन सम्बन्धी दुईवटा श्रृङ्खलाहरू शुरु गर्‍यो । साँस्कृतिक सम्पदाको अवधारणा अझैसम्म पनि बिलकुल मूर्त क्षेत्रमा मात्रै सिमीत भएको थिएन । तथापि सन् १९६६ को घोषणा, नुविया अभियानको सफलता र १९७० मा भेनिसमा स्थापित गरिएका सिद्धान्तहरूका आधारमा युनेस्कोले सन् १९७२ मा सम्पन्न गरेको सबैभन्दा महत्वपूर्ण काम थियो – विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसँग सम्बन्धी महासन्धिको अङ्गीकार । साँस्कृतिक सम्पदाका क्षेत्रमा सम्भवतः सबैभन्दा सर्वव्यापी कानूनी दस्तावेजका रूपमा रहेको यो महासन्धिले साँस्कृतिक सम्पदाको कार्यक्षेत्रलाई स्मारक, भवनसमूह र स्थलहरू जस्ता सबै मूर्त सम्पदाहरूमा मात्रै सिमित गरी साँस्कृतिक सम्पदाको पहिचानलाई मूर्त सम्पदाको पहिचानका रूपमा सुदृढीकरण गर्‍यो । हेग महासन्धिले जस्तै यसले पनि अचल साँस्कृतिक सम्पदा – यस सन्दर्भमा 'अनूपम विश्वव्यापी महत्व' –मा ध्यान दिएको छ । तथापि, यसले 'मानव जातिको सम्पदा'को अवधारणालाई पनि अगाडी सारेको छ । सूची पद्धति र यसको कार्यान्वयनका लागि तयार पारिएको संसोधन गर्न मिल्ने कार्यसञ्चालन निर्देशिकाका आधारमा सन् १९७२ को महासन्धिले सम्पदा संरक्षण नीतिहरूलाई बलियो बनाउनुका साथै संरक्षण नीतिहरूलाई विकासको साधानका रूपमा, खास गरेर पर्यटनका माध्यमबाट, समावेश गर्नका लागि समेत यो स्तरीय सन्दर्भ सामाग्री बन्न पुग्यो ।

सामुहिक बौद्धिक सम्पत्तिको अधिकारहरू अझैसम्म पनि स्पष्टसँग परिभाषित भइनसकेकाले सन् १९७२ को महासन्धिको कार्यक्षेत्र अन्तर्गत अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्तिहरूलाई समावेश नगर्ने निर्णय गरिएको थियो । त्यसकारण, बोलिभियाको सरकारले सन् १९७३ मा लोकसाहित्यको संरक्षणका लागि कानूनी प्रारूप प्रदान गर्न सन् १९७१ मा संसोधन गरिएको उल्लेखित



फोटो © लुइज स्यान्टोज / युनेस्को

सर्वव्यापी प्रतिलिपि महासन्धिमा एउटा आदर्श–पत्र थप गर्न प्रस्ताव गऱ्यो । यो प्रस्ताव स्वीकृत त भएन, तर एक वर्ष पछि, युनेस्को र वाइपोको सहयोगमा ट्युनिसमा आयोजित सरकारी विज्ञहरूको बैठकले यसप्रकारका साँस्कृतिक प्रस्तुतिहरूका हकमा प्रयोग गर्न मिल्ने बौद्धिक सम्पत्ति अधिकारको सुरक्षासँग सम्बन्धित नमूना कानूनको खाका बनाउन शुरू गऱ्यो ।

यसैबीच, भेनिस सम्मेलन – १९७० को अनुपरिक्षण रूपमा विभिन्न क्षेत्रीय गोष्ठीहरू आयोजना भए । यस्तै एउटा गोष्ठीमध्ये, अफ्रिकामा साँस्कृतिक नीतिहरू सम्बन्धी आक्रा अन्तरसरकारी सम्मेलन (१९७७) मा विज्ञहरूले संस्कृतिको परिभाषालाई विश्वदृष्टि र मूल्यपद्धति तथा विश्वासहरू समावेश गर्न यसलाई ललितकला र सम्पदाभन्दा माथि विस्तार गर्नुपर्ने भनी बहस गर्न थाले । यसको एक बर्ष पछि ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रमा साँस्कृतिक नीतिहरू सम्बन्धी अन्तरसरकारी सम्मेलनले पारित गरेको 'बगोटा घोषणा'ले साँस्कृतिक विकासले समुदाय र व्यक्तिहरूको जीवनको गुणस्तर सुधार गर्नुपर्नेमा जोड दियो । यसले साँस्कृतिक आधिकारिकता साँस्कृतिक पहिचानका तत्वहरू, तिनीहरूको भौगोलिक उत्पत्ति जहाँसुकै होस्, या तिनीहरू जस्तोसुकै तरिकाले मिसिएर बसेका होऊन्, तिनीहरूको स्वीकृतिमा आधारित हुनुपर्छ र हरेक जनमानस वा मान्छेहरूको समूहलाई, यसको ऐतिहासिक घटना र यसको व्यक्तिगत मूल्य, आकांक्षा र सार्वभौम इच्छाका आधारमा स्वतन्त्रतापूर्वक उसको साँस्कृतिक पहिचान निर्धारण गर्ने अधिकार र कर्तव्य दुबै हुन्छ भन्ने कुरा समेत उल्लेख गऱ्यो ।

**१९८२ – २०००: मण्डियाकल्ट देखि *हाम्रो सृजनात्मक विविधतासम्म***

भेनिस बैठकपछि शुरू भएका सम्मेलनहरूको चक्र मेक्सिको शहरमा सन् १९८२ मा आयोजित साँस्कृतिक नीतिहरू सम्बन्धी विश्व सम्मेलनमा आएर पुरा भयो । उक्त विश्व सम्मेलनलाई मण्डियाकल्ट भनेर चिनिन्थ्यो । यो सम्मेलनमा युनेस्कोका तत्कालीन १८५ सदस्य राज्यहरू मध्ये १२६ राज्यका ९६० जना सहभागीहरू उपस्थित भएका थिए । सन् १९७२ को सम्मेलनको सफलता र अचल साँस्कृतिक सम्पदा तथा प्राकृतिक सम्पदा संरक्षणप्रति दिइएको महत्वले सम्पदाका अन्य स्वरुपहरू एवं विकासका साधनका रूपमा साँस्कृतिक उत्पादनहरूको महत्वलाई छायाँमा पारिदिएको थियो । सम्मेलनको उद्देश्य साँस्कृतिक नीति र अभ्यासहरूका क्षेत्रमा १९७० मा सम्पन्न भेनिस सम्मेलन देखि प्राप्त गरिएका ज्ञान एवं अनुभवहरूको समीक्षा गर्नु, समकालीन विश्वमा संस्कृतिका मौलिक समस्याहरूका बारेमा अनुसन्धानलाई प्रबर्द्धन गर्नु, साधारण विकास परियोजनाहरूमा साँस्कृतिक विकासलाई प्रबर्द्धन गर्न नयाँ निर्देशिकाहरू बनाउनु र अन्तर्राष्ट्रिय साँस्कृतिक सहायता सहजीकरण गर्नु थियो ।

सम्मेलनले संस्कृतिहरूको उँचो–नीचो भनेर गरिने वर्गीकरणलाई एकैमतका साथ अस्वीकार गरिदियो किन कि कुनै पनि आधारमा 'उच्च संस्कृति र नीचो संस्कृति'का बीचको विभेद न्यायसंगत हुँदैनथ्यो । साथै सम्मेलनले सबै संस्कृतिहरूलाई सम्मान गर्नु सबैको कर्तव्य भएको कुरालाई पुनर्पुष्टि गऱ्यो । साँस्कृतिक पहिचान बितेका पुस्ताहरूदेखि हस्तान्तरण हुँदै आएका परम्परा, इतिहास र नैतिक, आध्यात्मिक र नैतिक मूल्यहरूको प्रतिरक्षा गर्ने कवच भएको कुरामा यसले जोड दियो । वर्तमान र भावी साँस्कृतिक अभ्यासहरू विगतका जस्तै मूल्यवान भएको सुझाउँदै यसले साँस्कृतिक नीतिहरूको निर्माणमा सरकार र समुदाय दुवै सहभागी बन्नु पर्नेमा जोड दियो । त्यसै कारणले गर्दा पनि सरकारी संस्थाकासाथै नागरिक समाज साँस्कृतिक नीतिहरूको निर्माणमा सहभागी बन्नु पर्छ ।

सम्मेलनका मुख्य उपलब्धिहरू मध्ये एक यसले गरेको संस्कृतिको पुनःपरिभाषा थियो । सम्पदाले अब दैनिक जीवनमा अभिव्यक्त भएका संस्कृतिका सबै मूल्यहरूलाई समेटेको र जीवन जिउने उपायहरू र अभिव्यक्तिका स्वरूपहरू जसका माध्यमबाट यी मूल्यहरूको हस्तान्तरण हुन्थ्यो, तिनलाई दिगो बनाइराख्न, सोचविचारपूर्वक सञ्चालन भैरहेका गतिविधिहरूको महत्व बढिरहेको कुरा यसले उल्लेख गऱ्यो । सम्मेलनले अब 'अमूर्त सम्पदा' को संरक्षणमा ध्यान दिनुपर्नेमा चर्चा चलायो जसलाई विगतका दशकको सबैभन्दा रचनात्मक विकासका रुपमा लिन सकिन्छ । 'अमूर्त सम्पदा' शव्दावलीलाई आधिकारिक रूपमा प्रथम पटक प्रयोग गरिएका समयहरूमध्ये यो एक थियो ।

संस्कृतिको अवधारणालाई (यसको परिभाषामा कला र अक्षरहरू मात्रै होइन, जीवनका मोडहरू, मानवजातिका मौलिक अधिकारहरू, मूल्यपद्धति, परम्परा र आस्थालाई समेत समावेश गर्दै) पुनः परिभाषित गर्नुका साथै सम्मेलनले साँस्कृतिक नीतिहरू सम्बन्धी मेक्सिको शहरमा गरिएको घोषणामा साँस्कृतिक सम्पदाको नयाँ परिभाषालाई स्वीकृत गऱ्यो । यस परिभाषाले भाषा, संस्कार, आस्था, ऐतिहासिक स्थल एवं स्मारक, साहित्य, कलाकृति, अभिलेख र पुस्तकालयहरू जस्ता मूर्त र अमूर्त दुवै कृतिहरूलाई समेट्दछ जसका माध्यमबाट मानव सृजनाशीलताले अभिव्यक्ति प्राप्त गर्नसक्छ । मेक्सिको घोषणाले थप यो पनि उल्लेख गऱ्यो कि हरेक मान्छेको परम्परा र अभिव्यक्तिका स्वरूपहरू यो विश्वमा उसको उपस्थितिलाई दर्शाउने सबैभन्दा बढी प्रभावकारी साधन भएको हुँदा हरेक संस्कृतिले एक विशिष्ट र अद्वीतिय मूल्यहरूको प्रतिनिधित्व गर्दछ । यस अर्थमा साँस्कृतिक पहिचान र साँस्कृतिक विविधता



फोटो © डुँका-चो, एजेंसी फर कल्चरल अफेयर्स



फोटो © लियाङ लि

⮉⮉ जापानको काबुकी रंगमञ्च

⮉ जिंङजियाङको युइगर मक्काम, चीन

⮉ रिकन्कावो, बाहिया ब्राजिलको साम्बा डि रोडा

अविभाज्य हुन्छन् र विविध प्रकारका साँस्कृतिक पहिचानहरू जहाँ विभिन्न परम्पराहरू एकआपसमा मिलेर रहेका हुन्छन्, ती साँस्कृतिक पहिचानहरूको उपस्थितिको मान्यताले साँस्कृतिक वहुलवादको सारतत्व निर्माण गर्दछ भन्न सकिन्छ ।

सम्मेलनले युनेस्कोलाई स्मारक र ऐतिहासिक स्थलहरू सम्बद्ध साँस्कृतिक सम्पदाहरूका लागि मात्रै नभएर अमूर्त साँस्कृतिक सम्पदा, खास गरेर मौखिक परम्पराको संरक्षण र अध्ययन गर्नका लागि यसका कार्यक्रम तथा क्रियाकलापहरू बनाउन अनुरोध गऱ्यो । यी क्रियाकलापहरू दुईपक्षीय, उपक्षेत्रीय, क्षेत्रीय र वहुराष्ट्रिय स्तरका हुनुपर्ने र मानिस एवं संस्कृतिको विश्वव्यापकता, विविधता र पूर्ण आत्मसमानमा आधारित हुनुपर्ने थियो । राज्य भित्र अल्पसंख्यकहरूको साँस्कृतिक सम्पदाको महत्वलाई मान्यता दिँदै सम्मलेनले साँस्कृतिक तथा आध्यात्मिक मूल्य र विश्वासहरूका सम्बन्धमा दक्षिणको संस्कृतिले विश्वका अन्य संस्कृतिहरूलाई पुनर्जीवित गर्न धेरै काम गर्नसक्छ भन्ने कुरामा जोड दियो ।

सम्मेलनले पक्षराज्यहरू र संस्कृतिका क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय संघसंस्थाहरूलाई उनीहरूको सम्पदा सुरक्षा नीतिलाई समग्र साँस्कृतिक परम्परा जुन कलात्मक सम्पदामामात्रै सीमित नभइ लोककला, लोकसाहित्य, मौखिक परम्परा र साँस्कृतिक अभ्यासहरू लगायत समग्र विगतको सम्पदा अभिव्यक्तिलाई समेत समेट्ने गरी विस्तार गर्नका लागि अनुरोध गऱ्यो । यसले मानिसहरूको परम्परागत संस्कृतिको जगेर्ना एवं विकास उसको साँस्कृतिक पहिचानलाई पुष्टी गर्ने कुनै पनि कार्यक्रमको अपरिहार्य हिस्सा बन्दछ र राष्ट्रिय सम्पदाको मौलिक तत्वकारूपमा लोकसाहित्यले भाषा, मौखिक परम्परा, आस्था, महोत्सव, खानासम्बन्धी आनीबानी, ओखती, प्रविधि आदि पक्षहरूलाई समेत समेट्नुपर्ने विचार अघि सार्‍यो । त्यसकारण सदस्य राज्यहरूलाई हालसम्म मान्यता प्राप्त नभएका साँस्कृतिक परम्पराका पक्षहरूलाई पनि ऐतिहासिक वा कलात्मक वस्तुहरूलाई जस्तै मान्यता दिन र तिनीहरूको जगेर्ना, प्रबर्द्धन र संप्रेषणका लागि गतिविधिहरू सञ्चालन गर्न प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्न सिफारिस गऱ्यो ।

मण्डियाकल्ट सम्मेलनको दुई वर्ष पछि सन् १९८४ मा ब्राजिलको रियो दि जनेइरोमा आधुनिक विश्वमा हस्तकलाको संबर्द्धन र विकासकाबारेमा छलफल गर्न एक बैठकको आयोजना गरियो । त्यसपछि, ट्युनिसमा अङ्गीकार गरिएको लोकवार्ताका अभिव्यक्तिहरूको गैरकानूनी उपयोग विरूद्धको संरक्षणमा राष्ट्रिय कानूनहरू र अन्य पक्षपातपूर्ण कार्यवाहीको निमित्त नमूना प्रावधानहरूको आधारमा युनेस्को र वाइपोले सन् १९८४ मा एउटा सन्धिको मस्यौदा सम्झौता तयार गरेका थिए जुन कार्यान्वयनमा आएन । लोकवार्ताको कानूनी संरक्षणका लागि अर्को पाँच वर्ष कुर्नु पऱ्यो । तथापि अमूर्त साँस्कृतिक सम्पदाका क्षेत्रमा आर्कटिक भाषा सम्बन्धी पुस्तकको तयारी, ग्रामीण विकासमा परम्परा र साँस्कृतिक नविनतालाई मिलाएर मालीमा सन् १९८७ मा शुरू गरिएको प्रयोगात्मक परियोजना जस्ता केही गतिविधिहरू भने सञ्चालनमा आए । यसको एक वर्ष पहिले सन् १९८६ मा आर्थिक तथा सामाजिक परिषदले 'साँस्कृतिक विकासका लागि विश्व दशक'को घोषणाको सवालका सम्बन्धमा युनेस्कोका महानिर्देशकले पेश गरेको मस्यौदा कार्ययोजनामा आधारित रही निर्णय लिन संयुक्त राष्ट्रको साधारण सभाले सिफारिश गऱ्यो ।

सन् १९८९ मा ट्युनिसियाको ह्याम्मामेटमा १९९० देखि १९९१ सम्मको अवधिका लागि विश्वमा शिल्पकलाको विकास सम्बन्धी दसवर्षे योजना बनाउन विज्ञहरूको एउटा अन्तर्राष्ट्रिय बैठक बस्यो । यसै वर्ष अर्थात् मण्डिकयाल्टको सात वर्ष पछि साधारण सभाले परम्परागत संस्कृति र लोकवार्ताको संरक्षणसँग सम्बन्धित सिफारिस अङ्गीकार गऱ्यो, जुन अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका दिशामा केन्द्रित एवं मण्डियाकल्ट सम्मेलनमा अभिव्यक्त भएका कामनाहरू प्रतिबिम्बित यसप्रकारको पहिलो कानूनी दस्तावेज थियो । त्यसपछिका वर्षहरूमा उक्त सिफारिसको प्रबर्द्धन गर्न युनेस्कोले तालिम



फोटो © डेभिड स्टेहल / युनेस्को



फोटो © योशी सिमिजु, www.yoshi-shimizu.com

↑↑ *टर्कीको कपडामा चित्र बनाउने कला*

↑ *इन्डोनेसियको वायाङ कठपूतली रंगमञ्च*

कार्यक्रमहरूको आयोजना गर्ने, विवरणसूचीको स्थापना, अल्पसंख्यक र आदिवासी समूहका अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षण, पुनर्जीवनीकरण र संप्रेषणका लागि योजनाको खाका निर्माण र परम्परागत संस्कृतिका थुप्रै महोत्सवको आयोजना गर्नमा सहयोग प्रदान गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन गऱ्यो । लोकवार्तासँग सम्बन्धित गतिविधिहरूको सञ्जाल स्थापना गरियो; विश्वका परम्परागत संगीतहरूको युनेस्को संग्रहको सीडी लगायत, सांगीतिक सम्पदा संग्रहका लागि हातेपुस्तक, विश्वका लोपोन्मुख भाषाहरूको एटलास, परम्परागत संस्कृति र लोकसाहित्यको अनुपयुक्त व्यापारिक लाभका विरूद्ध काम गर्न कार्यविधि सम्बन्धी हातेपुस्तक 'आचरण र परम्परागत संस्कृति' दस्तावेजको प्रकाशन समेत गरियो । १९८९ को सिफारिस कार्यान्वयनका लागि आठवटा क्षेत्रीय गोष्ठीहरूको आयोजना गरियो, तर यिनीहरूले दिर्घकालीन परिणामतर्फ भने डोऱ्याएनन् ।

यद्यपि, सिफारिश आफैले भने अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित विधाहरूप्रति विशेष ध्यान दिनुपर्ने आवश्यकताका बारेमा चेतना अभिवृद्धि गऱ्यो । पहिलो पटक सन् १९९० मा बुर्किनाफासोको ओआगडुगूमा आयोजित अन्तर्राष्ट्रिय शिल्प मेलामा युनेस्को शिल्प पुरस्कार प्रदान गरियो । त्यस्तै संस्कृति प्रबर्द्धनका लागि अन्तराष्ट्रिय कोषले लोप हुन लागेका मौखिक परम्पराहरूलाई पुनरुत्थान गर्न सकिन्छ र ताजा साँस्कृतिक शक्ति समेत प्रदान गर्न सकिन्छ भनेर सिद्ध गर्ने मनसायले भारतको महाराष्ट्रमा मकै पिस्दा गाइने गीतको संरक्षणार्थ नमूना परियोजना शुरू गऱ्यो । स्थानीय स्तरमा परियोजना सफल भएपछि यसलाई महाराष्ट्र राज्यभरि विस्तार गरियो । १९९२ मा इन्डोनेसियाको जोग जाकर्तामा आयोजित एक अन्तर्राष्ट्रिय वैठकमा 'विश्वका परम्परागत नृत्य, नाट्यशाला र संगीत' शिर्षकमा प्रस्तुति कलाहरू सम्बन्धी युनेस्कोले तयार पारेको नयाँ भिडियो संग्रह विमोचन गरियो । यहि वर्षको नोभेम्वरमा, आइभोरी कोष्टको अविदजानमा आइभोरियन संस्कृति मन्त्रालयको सहयोगमा युनेस्को, विश्व बैंक र युनिसेफद्वारा अफ्रिकामा विकासका सांस्कृतिक आयामहरूः निर्णय–प्रक्रिया, सहभागिता र उद्यम सम्बन्धी क्षेत्रीय गोष्ठीको आयोजना गरियो । १९९३ मा युनेस्कोको "लोप हुने खतरामा रहेका भाषाहरूको रातो किताव" नामक परियोजना शुरू भयो र लगत्तै टोकियो विश्वविद्यालयले १९९५ मा निकाल्ने यस पुस्तकको अंकका लागि सूचनाहरू संकलन गर्ने काम शुरू भयो । कार्यकारी बोर्डको १४२औँ सत्रमा कोरियाले राखेको प्रस्तावपछि १९९३ मा जीवन्त मानव निधि प्रणाली शुरू गरियो ।

सन् १९९१ मा महासभाले संयुक्त राष्ट्रसंघका महासचिवसँग समन्वय गरी एउटा स्वतन्त्र संस्कृति र विकास सम्बन्धी विश्व आयोग गठन गर्न महानिर्देशकलाई अनुरोध गर्ने निर्णय गऱ्यो । 'संस्कृति र विकास'का सम्बन्धमा प्रतिवेदन तयार पार्ने र सामाजिक–आर्थिक विकासको परिप्रेक्षमा साँस्कृतिक आवश्यकताहरू पुरा गर्न तत्काल सञ्चालन गर्नुपर्ने र दिगो कार्यक्रमहरूसँग सम्बन्धित प्रस्तावपत्रहरूलाई अघि बढाउनु पर्ने यस आयोगका जिम्मेवारीहरू थिए । संयुक्त राष्ट्रका पूर्व महासचिव हेभियर पेरेज दि क्वेलरको अध्यक्षतामा डिसेम्वर १९९२ मा विश्व आयोगको स्थापना गरियो ।

*हाम्रो सृजनात्मक विविधता* भनिने यस प्रतिवेदनमा पुस्ताँदेखि हस्तान्तरण हुँदै आएको मूर्त र अमूर्त सम्पदाको वैभवता माथि प्रकाश पारिएको थियो । यसले मान्यता दिएको छ कि यो सम्पदा विश्वभरका समुदायहरूको सामुहिक स्मरणमा सन्निहित भएको हुन्छ र यसले अनिश्चितताको समयमा तिनीहरूको पहिचानको भावनालाई अझ मजबुत बनाउँदछ । संस्कृति र साँस्कृतिक विविधता संरक्षणको आवश्यकतासँग सम्बन्धित युनेस्कोको परम्परागत धारलाई अनुकरण गदै यसले साँस्कृतिक सम्पदा संरक्षणका निमित्त बनाइएका नीतिहरूको मुख्य लाभग्राही भौतिक वस्तुहरू (स्मारकहरू, कलाकृति, हस्तकला) हुने कुरामा जोड दिएको छ । यसले अत्यन्तै कमजोर अमूर्त साँस्कृतिक सम्पदाहरूप्रति समानरूपमा ध्यान प्राप्त नभएको भन्दै अभौतिक अवशेषहरू जस्तै स्थलका नामहरू वा स्थानीय परम्पराहरू पनि साँस्कृतिक सम्पदाको हिस्सा भएको स्मरण गरायो ।

आयोगले आर्थिक विकासको हिस्साका रूपमा सम्पदा संरक्षण नीतिहरूको महत्वमाथि जोड दियो । अमूर्त साँस्कृतिक सम्पदाप्रति पर्याप्त ध्यान नदिइएको ठानेर, विज्ञहरूले अझै पनि सम्पदाका हरेक पक्षहरूलाई जति वृहत र प्रभावकारी रूपमा प्रयोग गर्नु पर्ने थियो त्यति प्रयोग नगरिएको, यसलाई जति संवेदनशील ढंगले व्यवस्थापन गर्नु पर्ने हो त्यसरी नगरिएको भनी ध्यानाकर्षण गराए । आयोगले कानूनी दस्तावेजका रूपमा मूर्त सम्पदाका हकमा मात्रै लागू हुने विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धिले त्यस्तो सम्पदासँग सम्बन्धित सवाललाई प्रतिबिम्बित गर्दछ, जुन विकसित देशहरूमा मात्रै ज्यादै महत्वपूर्ण मानिन्छ, तर त्यस्तो क्षेत्रका सम्पदाहरूका लागि उपयुक्त छैन जहाँ साँस्कृतिक उर्जा, कलाकृति, नृत्य वा मौखिक परम्पराहरू जस्ता अभिव्यक्तिका अन्यप्रकारका स्वरूपहरूमा केन्द्रित हुन्छन् भनी औंल्यायो । यसको लगत्तै विज्ञहरूले संसारभरि पाइने सम्पदाको सहि फैलावट एवं अधिकतासँग मिल्ने गरी अन्यप्रकारका मान्यताहरूको विकास गर्न अनुरोध गरे ।

*हाम्रो सृजनात्मक विविधताले* सम्पदा संरक्षणमा सामना गर्नु परेका समस्याहरूलाई राजनैतिक, नैतिक र मौद्रिक दृष्टिकोणबाट सविस्तार चर्चा गऱ्यो । यसले भौतिक साँस्कृतिक प्रमाणका जटिलताहरूलाई साँस्कृतिक पहिचानको सरल सन्देशका रूपमा रूपान्तरण गर्न सक्ने राजनैतिक जादूगरीका विरूद्द सावधान गरायो । यस्ता सन्देशहरू लोकप्रिय स्वरूपहरू वा साँस्कृतिक अभिव्यक्ति वा ऐतिहासिक तथ्यहरूलाई क्षति पुऱ्याएर अत्यन्तै प्रतीकात्मक वस्तुहरूमा मात्रै केन्द्रित हुन खोज्दछन् । नीतिसम्मत दृष्टिकोणले मानवशास्त्रीय अध्ययनहरू कम विशिष्टकृत वर्गहरू तर्फ ज्यादा ढल्किन्छन्, जब 'जातीय कला'मा अभिरूची राख्ने पर्यटकहरूले सामान्यतया साँस्कृतिक परम्पराहरूको नाटकीकरण र धार्मिक कृत्यहरू क्रियान्वयनका लागि कृतिम माग बढाउनमा योगदान पुऱ्याउन सक्छन्, जुन अक्सर गरेर, पोशाक, संगीत, नृत्य र हस्ताकलाका रूपमा तिनीहरूको मूल सन्दर्भभन्दा बाहिर गएर मनाइन्छ । अमूर्त साँस्कृतिक सम्पदाका विशिष्ट प्रस्तुतिहरूसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारलाई मान्यता दिँदा पर्न सक्ने मौद्रिक प्रभावहरूलाई विचार गर्दै आयोगले एकअर्कासँग सम्बन्धित निम्नलिखित चारवटा सवालहरू वा जोखिमहरूलाई ध्यानमा राख्नु पर्ने सुझाव प्रस्तुत गऱ्यो :

क. ***प्रमाणीकरण,*** परम्परागत शिल्पको प्रतिलिपिको नियमनसँग सम्बन्धित;

ख. ***स्वामित्व हस्तान्तरण*** (expropriation), बहुमूल्य कलाकृति तथा अभिलेखहरूलाई तिनीहरूको उद्‌गम स्थलबाट स्थानान्तरण गर्ने विषयसँग सम्बन्धित;

ग. ***क्षतिपूर्ति,*** व्यक्ति वा समुदायहरूलाई लोक सामाग्रीहरूको स्रोतमा क्षतिपूर्ति नदिइने तथ्यसँग सम्बन्धित;

घ. ***व्यापारिक वस्तुका रूपमा परिवर्तन गरिदिने*** आशंका, जसले लोक संस्कृति आफैका लागि हानिकारक असर पार्नेछ ।

प्रतिवेदनले बौद्धिक सम्पत्ति अधिकारको मान्यतासँग सम्बन्धित समस्याहरूकाबारेमा समेत प्रकाश पारेको छ र 'बौद्धिक सम्पत्ति'को अवधारणा जीवन्त सृजनात्मक परम्पराका हकमा सहि अवधारणा हुननसक्ने बताइएको छ । यसको सट्टामा यसले परम्परागत नियमहरूमा अन्तरनिहित विचारहरूमा आधारित नयाँ अवधारणाको विकास गर्नुपर्ने उपाय सुझायो । प्रतिवेदनले कस्ता साँस्कृतिक सम्पदाहरूलाई जोगाउन सकिएला भनेर जान्न र कस्ता सम्पदाहरूलाई जोगाउनै पर्छ भनेर निर्णय गर्दा आउन सक्ने समस्याहरूका बारेमा पनि छलफल गरेको छ । ज्यादै कम देशहरूले मात्रै उनीहरूका साँस्कृतिक विरासतको विवरणसूची राख्ने गरेका थिए जसले प्राथमिकता र छनौटको निर्धारणमा सहयोग पुऱ्याउन सक्थ्यो ।

*हाम्रो सृजनात्मक विविधता* को प्रकाशन भएको एक वर्ष पछि युनेस्को र विश्व बौद्धिक सम्पत्ति संगठनको संयुक्त आयोजनामा लोकवार्ताको संरक्षणका बारेमा श्रृंखलाबद्धरूपमा क्षेत्रीय गोष्ठीहरूको आयोजना र अफ्रिकी भाषा नीतिहरूका सम्बन्धमा अन्तरसरकारी सम्मेलनको आयोजना गरिएपछि युनेस्कोका महानिर्देशकले दुईवटा समानान्तर कार्यहरू अघि बढाए । पहिलो, मानवतासँग सम्बन्धित मौखिक तथा अमूर्त सम्पदाका सर्वोत्कृष्ट कृतिहरूको घोषणा, जसले विश्वव्यापी रूपमा यस प्रकारका सम्पदाहरूको संरक्षणका आवश्यकताहरूकाबारेमा चेतना जगाउने प्रमुख कदमको प्रतिनिधित्व गर्दथ्यो । र दोस्रो, परम्परागत संस्कृति र लोकवार्ताको संरक्षणका लागि मापदण्ड निर्धारक दस्तावेज बनाउने संभाव्यताबारे अध्ययन सञ्चालन गर्ने ।

घोषणाको लक्ष्य नयाँ प्रकारको अन्तर्राष्ट्रिय प्रतिष्ठा स्थापित गरी अमूर्त सम्पदाको महत्वका बारेमा चेतना जगाउनु थियो । अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका बारेमा विश्वव्यापी अभियानको सृजना गर्दै सन् २००१, २००३ र २००५ मा मानवतासँग सम्बन्धित मौखिक तथा अमूर्त सम्पदाका ९० वटा तत्वहरूलाइ "उत्कृष्टतम रचनाहरू" घोषणा गरिएको थियो ।

**सन् २००० पछिको चरण एवं महासन्धिको मस्यौदा तयार गर्ने कार्य**

मेक्सिको घोषणाको अभिप्राय राम्रो हुँदाहुँदै पनि साँस्कृतिक पहिचान र साँस्कृतिक विविधतालाई विकास नीतिको मुख्य तत्वका



फोटो © इन्दिरा गान्धी नेशनल सेन्टर फर दी आर्ट्स

वैदिक मन्त्रोच्चारण परम्परा, भारत

रूपमा सम्बोधन गर्दै निर्देशनात्मक दस्तावेज बनाउन अन्तर्राष्ट्रिय समुदायलाई २० वर्ष लाग्यो ।

लामो समयसम्मका श्रृंखलाबद्ध क्षेत्रीय बैठकहरूपछि नब्बेको दशकको अन्त्यमा विज्ञहरू 'परम्परागत संस्कृति र लोकवार्ता सम्बन्धी सिफारिसहरू - १९८९ को विश्वव्यापी मूल्यांकनः स्थानीय सशक्तिकरण र अन्तर्राष्ट्रिय सहयोग' शिर्षकमा एउटा सम्मेलनको आयोजना गर्नुपर्ने निष्कर्षमा पुगे, जुन स्मिथसनियन इन्स्टिच्युट, संयुक्त राज्य र युनेस्कोको संयुक्त आयोजनामा वासिङ्टनमा सम्पन भयो । सम्मेलन, अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका क्षेत्रमा एउटा कानूनी रूपमा बाध्यकारी दस्तावेजको आवश्यकता रहेको छ भन्ने निष्कर्षमा पुग्यो । १९८९ को सिफारिसले अभिलेखिकरणलाई ज्यादा महत्व दिएको तर जीवन्त अभ्यास एवं परम्पराहरूको सुरक्षा वा समूह र समुदाय जो यस्ता अभ्यास र परम्पराहरूका धारक हुन् तिनलाई पर्याप्त मात्रामा ध्यान नदिएको पनि विज्ञहरूले ठहराए । उनीहरूले कलात्मक उत्पादनहरू जस्तैः कथा, गीत आदिलाई मात्रै नभई यिनीहरूको उत्पादनलाई सहज बनाउने ज्ञान तथा महत्व, यिनीहरूको सृजनशील प्रक्रिया जसले यी उत्पादनहरूलाई अस्तित्वमा ल्याउँछ र अन्तरक्रिया प्रणाली जसका माध्यमबाट यी उत्पादनहरू उपयुक्त ढंगबाट प्राप्त हुन्छन् र सम्मानित रूपमा स्वीकृत हुन्छन्, यी सबैलाई समेट्नका लागि अझ बढी समावेशी कार्यविधिको आवश्यकतामाथि जोड दिए । सम्मेलनले नयाँ निर्देशनात्मक दस्तावेजका लागि 'लोकवार्ता' शब्दावली, जसलाई केही समुदायहरूले उनीहरूको प्रतिष्ठाको विरुद्ध हुने ठानेका थिए, को सट्टा 'अमूर्त साँस्कृतिक सम्पदा' शब्दावली प्रयोग गर्न समेत सिफारिस गरे । मानिसहरूलाई सूचित गर्ने तथा उनीहरूले निर्माण गरेका ज्ञान, सिप र सृजनशीलता, उनीहरूले सृजना गरेका उत्पादनहरू, उनीहरूको दिगोपनाका लागि आवश्यक सामाजिक तथा प्राकृतिक परिवेशका स्रोत, स्थल र अन्य पक्षहरू सहित मानिसको सिक्ने प्रक्रिया, जसले जीवन्त समुदायलाई पहिलेको पुस्तासँग निरन्तरताको भाव प्रदान गर्दछ र जुन साँस्कृतिक पहिचानका साथै साँस्कृतिक विविधता र मानवतासँग सम्बन्धित सृजनशीलताको संरक्षणका लागि महत्वपूर्ण हुन्छ, यी सबै पक्षहरूका हकमा बढी सुहाउने भएकाले 'अमूर्त साँस्कृतिक सम्पदा' शब्दावली प्रयोग गर्ने भनी मनोनित गरिएको थियो ।



फोटो © मार्क सूसार

*इस्टोनियाको किह्नु साँस्कृतिक स्थल*

सदस्य राज्यहरूको अनुरोधमा सन् २००१ मा महानिर्देशकले अन्तर्राष्ट्रिय स्तरमा नयाँ मापदण्ड–निर्धारक दस्तावेजका माध्यमबाट परम्परागत संस्कृति र लोकवार्ताको संरक्षण नियमन गर्न कत्तिको औचित्यपूर्ण हुन सक्ला भन्ने विषयमा गरिएको प्रारम्भिक अध्ययनको प्रतिवेदन पेश गरे । प्रतिवेदनले बौद्धिक सम्पत्तिले अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्तिहरूलाई उचित संरक्षण नगर्ने र यो उद्धेश्यका लागि विशिष्ट व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको निष्कर्ष निकाल्यो । यसले साँस्कृतिक सम्पदाका क्षेत्रमा पहिले नै अवलम्बन गरिएका दस्तावेजहरू मुख्यरूपमा मूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित भएको र स्पष्ट तरिकाले अमूर्त साँस्कृतिक सम्पदालाई नजनाउने भएकोले तिनीहरूले, केही हदसम्म अमूर्त साँस्कृतिक सम्पदाको स्वभावकै कारण पनि, यसको सुरक्षाका लागि संतोषजनक प्रारूप प्रदान गर्न नसक्ने निष्कर्ष समेत निकाल्यो । त्यसकारण, प्रतिवेदनले मानव अधिकारको विश्वव्यापी घोषणा (संयुक्त राष्ट्र, १९४८) का आधारमा नयाँ निर्देशनात्मक दस्तावेज तयार पार्नुपर्ने सिफारिश गऱ्यो र यो दस्तावेज आधारित हुनु पर्ने मुख्य सिद्धान्तहरूको समेत प्रस्ताव गऱ्यो । ती आधारभूत सिद्धान्तहरू निम्नानुसार हुन सक्ने थिएः

- अमूर्त साँस्कृतिक सम्पदालाई मौलिक रूपमा जसले यसको उत्पादन र जगेर्ना गर्दछन् तिनै समुदायका प्रतिनिधिहरूद्वारा सृजनात्मकता र क्रियान्वयनका आधारमा संरक्षण गर्नु पर्ने ;
- यसको सृजना, क्रियान्वयन र हस्तान्तरणमा संलग्न अर्थ, सवलीकरणका अवस्थाहरू तथा सिपहरूको पुनर्उत्पादनका माध्यमबाट मात्रै अमूर्त साँस्कृतिक सम्पदालाई क्षति हुनबाट रोक्न सकिन्छ ;
- अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्ध राख्ने कुनै पनि दस्तावेजले अमूर्त साँस्कृतिक सम्पदालाई व्यवस्थापन गर्न एवं दिगो बनाउन तिनीहरूका आफ्नै तरिकाहरूको विकासको माध्यमबाट तिनीहरूको अमूर्त साँस्कृतिक सम्पदाको क्रियान्वयनलाई निरन्तरता दिन समुदायको क्षमता एवं अधिकारको संरक्षण, सहजीकरण एवं प्रोत्साहन गर्नुपर्दछ ;
- यदि एकले अर्काको संस्कृतिलाई मान्यता दिने एवं साँस्कृतिक आदानप्रदान समतामूलक हुने हो भने एकले अर्काको संस्कृति आदानप्रदान गर्दा एवं साँस्कृतिक सम्बाद गर्नाले समग्ररूपमा वृहत्तर सृजनशीलता फस्टाउछ ।

वासिङ्टन सम्मेलनका सिफारिशहरूलाई अनुसरण गर्दै, प्रतिवेदनले 'लोकवार्ता' शब्दावली, जुन त्यति उपयुक्त थिएन, को सट्टा 'अमूर्त साँस्कृतिक सम्पदा' शब्दावली प्रयोग गर्नु पर्ने प्रस्ताव गऱ्यो र यो शब्दावलीको पहिलो परिभाषाको मस्यौदा तयार गर्नुका साथै यस्ता सम्पदाहरू प्रस्तुत हुने श्रृंखलाबद्ध विधाहरू सुझायो । युनेस्कोको कार्यकारी बोर्ड (संवैधानिक अङ्ग जसले साधारण सभाद्वारा स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी तथा तर्कसंगत कार्यान्वयन सुनिश्चित गर्दछ) ले खास गरेर परिभाषालाई मानवतासँग सम्बन्धित मौखिक तथा अमूर्त साँस्कृतिक सम्पदाहरूको "उत्कृष्टतम रचनाहरू"हरूको घोषणामा प्रयोग गरिएको परिभाषासँग सुसंगत हुने गरी बनाउन अमूर्त साँस्कृतिक सम्पदाका अवधारणागत पक्षहरू र परिभाषाका सम्बन्धमा अझ बढी विस्तृतरूपमा छलफल गर्नका लागि आह्वान गऱ्यो । यस्ता सम्पदाहरूको संरक्षण निर्देशनात्मक कार्यवाहीहरूमा मात्रै सिमीत गर्नुहुँदैन भन्ने कुरा उल्लेख गर्नुका साथै यसले वाइपोसँग निकटरही काम गर्न तथा संरक्षणका सीमाहरूका बारेमा अध्ययन गर्नुपर्नेमा जोड दियो ।



फोटो © मलावी नेशनल कमिसन फर युनेस्को



फोटो © युनेस्को / माइकल रमास्साई

⇧⇧ युल वाम्काल, मलावी, मोजाम्बिक र जाम्बिया

⇧ टाँ–टाँको मुस्सम, मोरक्का

सन् २००१ को सेप्टेम्वरमा साधारण सभाले साँस्कृतिक विविधता सम्बन्धी विश्वव्यापी घोषणा पारित गऱ्यो । यसको धारा ७ ले टिप्पणी गरेको छ कि यसका सबै विविधताको सिर्जनशीलतालाई विकास गर्दै संस्कृतिहरूबीच सहि सम्बादलाई प्रोत्साहन गर्न सम्पदाका सबै स्वरूपहरूको अवश्य संरक्षण गर्नु एवं मानव अनुभव र आकांक्षाका रेकर्डका रूपमा भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्दछ । यो घोषणाले अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि निर्देशनात्मक दस्तावेजको निर्माणका लागि आधारकारूपमा काम गऱ्यो । विश्वव्यापी घोषणासँग जोडिएको कार्ययोजनामा सदस्य राज्यहरूले उल्लेख्य रूपमा मौखिक तथा अमूर्त साँस्कृतिक सम्पदाको जगेर्ना र अभिवृद्धिका लागि नीति तथा रणनीतिहरू बनाउनका लागि कदम चाल्नुपर्ने निर्णय गरे । उनीहरूले खासमा आदिवासी जनताहरूको परम्परागत ज्ञानलाई सम्मान र सुरक्षा गर्नुपर्ने आवश्यकता समेत आँल्याउदै वातावरणको संरक्षण तथा प्राकृतिक स्रोतहरूको व्यवस्थापनका साथै आधुनिक विज्ञान र स्थानीय ज्ञानकाबीच सहक्रियात्मकतालाई विकास गर्ने सम्बन्धमा परम्परागत ज्ञानले पुऱ्याएको योगदानको पहिचान गरे । यसलाई दृष्टिगत गरी साधारण सभाले अमूर्त साँस्कृतिक सम्पदाका क्षेत्रमा नयाँ निर्देशनात्मक दस्तावेज, अर्थात् महासन्धिको निर्माणको प्राथमिकताको दिशामा काम गर्ने निर्णय गऱ्यो ।

यहि वर्ष (२००१), साधारण सभाले पानीमुनिका साँस्कृतिक सम्पदा संरक्षण महासन्धि अङ्गीकार गऱ्यो, जसले जमीनमा आधारित साँस्कृतिक सम्पदा सम्बन्धी युनेस्कोका अन्य महासन्धिहरूले स्वीकृत गरेको मापदण्डसँग मिल्नेगरी अब विशेषतः पानीमुनिका पुरातात्विक स्थलहरूको संरक्षण मापदण्ड स्थापित गऱ्यो । यसमा समुद्रबाट प्राप्त साँस्कृतिक सम्पत्तिहरूको अवैध ओसारपसारको रोकथामसँग सम्बन्धित विस्तृत प्रावधानहरू भएकोले यसका नियमहरू युनेस्को महासन्धि १९७० र युनिड्रोइट महासन्धि १९९५ सँग जोडिएकाछन् । तथापि यो दस्तावेजमा क्षतिपूर्तिको दावी गर्ने व्यवस्था उल्लेख गरिएको छैन ।

साँस्कृतिक सम्पदा नीतिहरू र खासगरेर अमूर्त सम्पदा नीतिहरूले विकासमा खेल्ने भूमिकालाई ध्यानमा राख्दै सन् २००२ मा मनाइएको संयुक्त राष्ट्र साँस्कृतिक सम्पदा वर्षमा समेत यसप्रकारको सम्पदाका लागि रूपरेखाहरू विकास गर्नुपर्ने आवश्यकतामाथि पुनः जोड दिइयो । सन् २००२ को सेप्टेम्वरमा ११० सदस्य राज्यका ७२ जना संस्कृति मन्त्रीहरू सहितका प्रतिनिधिहरू अमूर्त सम्पदा र साँस्कृतिक विविधताका बारेमा टर्कीको इस्तानवुलमा आयोजित गोलमेच सम्मेलनमा सहभागी भए । अमूर्त साँस्कृतिक सम्पदाको महत्वलाई मान्यता दिनुका साथै नयाँ अन्तर्राष्ट्रिय महासन्धिको अङ्गीकार गर्न सिफारिस गर्दै उनीहरूले इस्तानवुल घोषणा पारित गरे ।

सन् २००२ को सेप्टेम्वर महिनामै अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धिका लागि प्रारम्भिक मस्यौदासँग सम्बन्धित विज्ञहरूको पहिलो अन्तरसरकारी बैठक पेरिसमा आयोजना गरियो । विज्ञहरूले अमूर्त साँस्कृतिक सम्पदाको वृहत परिभाषा प्रयोग गर्नुपर्ने हो कि होइन भनी छलफल चलाए, किन कि यो शव्दावलीको जटिल र अस्पष्ट परिभाषाले महासन्धिको दृढतापूर्वक कार्यान्वयनलाई कमजोर बनाइदेला भन्ने उनीहरूलाई डर थियो । उनीहरूले मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूका सन्दर्भहरूलाई समावेश गर्ने र 'समुदाय' र 'समूह' जस्ता शव्दावलीहरूलाई फरक अर्थमा व्याख्या हुनसक्ने कुनैपनि विश्लेषणविना नै राख्ने निर्णय गरे । विज्ञहरूले 'साँस्कृतिक स्थान'को सट्टा 'साँस्कृतिक स्थल' शव्दावली मन पराए किन कि 'साँस्कृतिक स्थल'ले भवनहरूलाई समेत जनाउने संभावनालाई समेट्थ्यो । अमूर्त साँस्कृतिक सम्पदा निरन्तररूपमा विकास हुँदै जाने जीवन्त सम्पदा भएको हुँदा विज्ञहरूले परिभाषामा 'पुस्तौँ-पुस्तादेखि हस्तान्तरण हुँदै आएको' थप्ने निर्णय गरे । अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्त हुने भएकाले भाषालाई अमूर्त साँस्कृतिक सम्पदाका विधाहरूमध्ये एक विधाका रूपमा समावेश गर्ने विषयमा 'अमूर्त साँस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषा' शव्दावलीका राम्रा र नराम्रा कुराहरूलाई केलाउँदै एउटा संभौतामा पुगिएको थियो । सहमतिद्वारा 'सामाजिक अभ्यास, संस्कार र चाडपर्व' को विधा भित्र धर्म सम्बन्धि कुनै पनि सन्दर्भहरू समावेश नगर्ने निर्णय पनि गरिएको थियो ।

आर्थिक सहयोग

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

एसिया-प्रशान्त क्षेत्रमा अमूर्त सांस्कृतिक सम्पदाका लागि युनेस्को संरक्षित अन्तर्राष्ट्रिय सूचना तथा संजाल केन्द्र







अमूर्त साँस्कृतिक सम्पदा

अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणमा राज्यले प्रमुख भूमिका खेल्नु पर्ने प्रस्तावलाई करिब सबैजना विज्ञहरूले समर्थन गरे । उनीहरूको मुख्य दायित्व सम्बद्ध साँस्कृतिक समुदाय, गैरसरकारी संस्था र अन्य इच्छुक पक्षहरूसँग परामर्श र सहकार्यमा उनीहरूको भूभागमा रहेका अमूर्त साँस्कृतिक सम्पदाहरूको पहिचान र परिभाषित गर्नु थियो । राष्ट्रियस्तरमा सूचीकरण गरिएका सम्पदाहरूको उपलब्ध सूचीका आधारमा अमूर्त साँस्कृतिक सम्पदाको एउटा अन्तर्राष्ट्रिय रजिस्टर बनाउने निर्णय समेत गरिएको थियो । रजिस्टर (भावी प्रतिनिधिमूलक सूची)का माध्यमबाट अमूर्त साँस्कृतिक सम्पदाको दृष्यात्मकता सुनिश्चित गर्ने तथा साँस्कृतिक विविधतालाई प्रबर्द्धन गर्नमा योगदान पुऱ्याउने लक्ष्य राखिएको थियो ।

महासन्धिको मस्यौदा निर्माणका लागि अन्य थुप्रै अन्तरसरकारी बैठकहरू आयोजना गरिए । मुख्य विषयहरू, खासगरेर सदस्य राज्यहरूले खेल्नु पर्ने भूमिकाको महत्व, सहायता र ऐक्यवद्धता तथा संरक्षणको लचकदार तथा प्रभावकारी संयन्त्रको स्थापनाका अन्तर्राष्ट्रिय सिद्धान्तहरू, पक्षराज्यहरूको महासन्धि अधिनस्थ हुने गरी बन्ने अन्तरसरकारी समिति र अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि कोषको महत्वका बारेमा सहमतिमा पुगिसकिएको थियो ।

सन् २००३ को नोभेम्वरमा युनेस्को साधारण सभाको साँस्कृतिक आयोगले सम्पूर्ण साधारण सभाले सहमतिका आधारमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई युनेस्को महासन्धिका रूपमा पारित गर्न सिफारिश गऱ्यो । अमूर्त साँस्कृतिक सम्पदा महासन्धिलाई १७ अक्टोवर २००३ मा पारित गरिएको थियो । यसको पक्षमा १२० भोट, ८ अनुपस्थित र विपक्षमा शुन्य मत परेको थियो । अनुमोदन गरेको तीसौँ दस्तावेज जम्मा गरेको तीन महिना पछि २० अप्रिल २००६ बाट महासन्धि कार्यान्वयनमा आयो । (पक्षराज्यहरूको अद्यावधिक सूचीका लागि **www.unesco.org/culture/ich** हेर्नुहोस् ।) युनेस्कोका आधाभन्दा बढी सदस्य राज्यहरूले पहिले नै यसमा हस्ताक्षर गरिसकेका छन् । असाधारण रूपले यसको तीव्र अङ्गीकारले विश्वव्यापी रूपमा अमूर्त सम्पदाकाप्रति रहेको वृहत रूचीलाई प्रतिबिम्बित गर्दछ । समकालीन जीवनशैली र विश्वव्यापीकरणको प्रक्रियाले पार्नसक्ने सम्भावित खतराका कारण महासन्धिलाई अन्तर्राष्ट्रिय सुरक्षा प्रदान गर्नुपर्ने टड्कारो आवश्यकताका सम्बन्धमा व्यापक चेतनालाई समेत दर्शाउँदछ । पहिले नै राष्ट्रियस्तरमा सञ्चालन गरिएका असंख्य गतिविधिहरू र अन्तर्राष्ट्रियस्तरमा आयोजित थुप्रै (अन्तरसरकारी) बैठकहरूले यो महासन्धिको अङ्गीकार र यसको तीव्र कार्यान्वयन विश्वका जीवन्त सम्पदाहरू संरक्षण गर्ने युनेस्कोको दीर्घकालीन अभियानमा कोशेढुंगा हुन् भन्ने देखाउँदछन् ।

अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३, जसको संरचना १९७२ को महासन्धिको कार्यक्रमगत अवधारणामा आधारित छ, ले अभिव्यक्तिहरू र परम्पराहरूलाई ठूलो–सानो भनेर विभेद नगरी समान मान्यता प्रदान गर्नमा जोड दिएको छ । त्यसैले १९७२ को महासन्धिमा सन्निहित 'अनूपम विश्वव्यापी महत्व' को अवधारणा अमूर्त सम्पदाको संरक्षणमा लागू हुँदैन । यसको सिर्जना, पुनःसिर्जना र हस्तान्तरण हुने समुदायको पहिचान एवं निरन्तरताको अर्थ बोधकालागि यो जीवन्त सम्पदाको महत्वमा अन्तर्राष्ट्रिय मान्यता आधारित हुन्छ । यस्तो मान्यता उनीहरूको सम्पदालाई दृष्यात्मकता प्रदान गरेर दिइन्छ, जुन धारा १६ मा व्यवस्था गरिएको सूचीको मुख्य उद्देश्य हो । महासन्धिले मुख्यतया सूचीपद्धति भन्दापनि संरक्षण गतिविधिहरू र असल अभ्यासहरूको आदानप्रदानमा ध्यान दिएको छ ।

संस्कृतिको क्षेत्रमा सन् २००३ देखि अर्को कानूनी दस्तावेज कार्यान्वयनमा आएको छ : साँस्कृतिक अभिव्यक्तिहरूको विविधता संरक्षण एवं प्रबर्द्धन महासन्धि २००५ । सन् २००३ को महासन्धि मुख्यतया सम्बद्ध सम्पदा धारण गर्ने समुदाय तथा समूहहरूभित्र ज्ञानको हस्तान्तरणका प्रक्रियाहरूसँग सम्बन्धित छ भने २००५ को महासन्धि साँस्कृतिक क्रियाकलापहरू, वस्तु तथा सेवाहरूका माध्यमबाट सञ्चार एवं आदानप्रदान गरिएका साँस्कृतिक अभिव्यक्तिहरूको उत्पदानमा समर्पित छ । यसले व्यक्ति र जनसाधारणलाई उनीहरूमा भएको प्रचूर विविधताकासाथ उनीहरूको सृजनाशीलतालाई प्रोत्साहन गरी उनीहरूको आर्थिक विकासमा योगदान पुऱ्याउन र विश्वको साँस्कृतिक विविधताको प्रबर्द्धन र संरक्षणका लागि विविधता र विश्वव्यापी वातावरणको संबर्द्धन गर्न युनेस्कोद्वारा प्रयोगमा ल्याएका कानूनी दस्तावेजहरूको समुच्चयलाई परिपूर्ति गर्दछ ।

यसरी विश्वव्यापीकरणलाई मानवीयकरण गर्ने मनसायका कारण संस्कृतिले अन्तर्राष्ट्रिय कानूनको इतिहासमा पहिलो पटक राजनैतिक विषयवस्तुमा आफ्नो ठाउँ पाएको छ । यो सक्रियात्मक परिवेशमा ऐक्यवद्धताका नयाँ ढोकाहरू खोल्दै संस्कृति सम्बाद र विकासकालागि सच्चा मञ्च बनेको छ ।

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

अमूर्त सांस्कृतिक सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

*गिनीको सस्सो–बाला स्थित साँस्कृतिक स्थल,* फोटो © फिलिप्पे बोर्डास्